यो आयोजना तथ्याङ्क विवरण अनुवाद २०७२ वैशाख ८ (२३ जुन २०१५) को अंग्रेजी मूल संस्करणमा आधारित छ ।

# आयोजना तथ्याङ्क विवरण

आयोजना तथ्याङ्क विवरणमा कुनै पनि आयोजना तथा कार्यक्रमको सारांश जानकारी दिइएको हुन्छ किनभने आयोजना तथ्याङ्क विवरण भनेको निरन्तर चलिरहेको प्रक्रिया हो । कतिपय जानकारी सुरूकै विवरणमा उपलब्ध नहुन सक्छन् तर त्यस्ता जानकारीहरूलाई समेत क्रमवद्ध रूपमा समावेश गर्दै लगिने छ । प्रस्तावित आयोजनाका बारेमा समावेश गरिएका जानकारीहरू अनुमानित तथा साङ्केतिक हुन् ।

| | |
|---|---|
| **तथ्याङ्क विवरण जारी मिति** | – |
| **विवरण अद्यावधिक मिति** | २०७१ चैत १८ (१ अप्रिल २०१५) |

| | |
|---|---|
| **आयोजनाको नाम** | सुदूरपश्चिम क्षेत्र सहरी विकास आयोजना<br>(Far Western Region Urban Development Project) |
| **देश** | नेपाल |
| **आयोजना/कार्यक्रम नम्बर** | ४७२५२-००२ (47252-002) |
| **अवस्था** | प्रस्तावित |
| **भौगोलिक अवस्थिति** | – |

कुनै विशेष भूभाग वा भौगोलिक क्षेत्रको अवस्थिति वा सन्दर्भ उल्लेख गर्दा अथवा यो दस्तावेजमा 'देश' वा 'राष्ट्र' भन्ने शब्द प्रयोग गरिँदा एडीबीले यस्तो कुनै पनि भूभाग वा क्षेत्रको कानुनी एवं अन्य कुनै हैसियतका बारेमा निर्णायक अवधारणा व्यक्त गर्ने अभिप्राय राखेको हुँदैन ।

| | |
|---|---|
| **क्षेत्र** | खानेपानी आपूर्ति र अन्य सहरी पूर्वाधार तथा सेवा |
| **उपक्षेत्र** | अन्य सहरी सेवा<br>सहरी सरसफाई<br>सहरी फोहोरमैला व्यवस्थापन<br>सहरी खानेपानी आपूर्ति |
| **रणनीतिक कार्यसूची** | वातावरणीय दिगो वृद्धि<br>समावेशी आर्थिक वृद्धि |
| **परिवर्तनका सञ्चालक** | लैङ्गिक समता र मूलप्रवाहीकरण<br>सुशासन र क्षमता विकास<br>साझेदारी |
| **लैङ्गिक मूलप्रवाहीकरण समूह** | समूह २ : प्रभावकारी लैङ्गिक मूलप्रवाहीकरण |

## वित्तीय विवरण

| सहयोगको प्रकार/स्वरूप | स्वीकृत सङ्ख्या | वित्तीय स्रोत | स्वीकृत रकम (अमेरिकी डलर हजारमा) |
|---|---|---|---|
| ऋण | – | एसियाली विकास कोष | ७०,००० |
| – | – | समकक्षी | २१,००० |
| **कुल** | | | **९१,००० अमेरिकी डलर** |

## सुरक्षण समूहहरू

सुरक्षण समूहहरूको विस्तृत जानकारीका लागि कृपया तलको लिङ्क हेर्नुहोला : http://www.adb.org/site/safeguards/safeguard-categories

| | |
|---|---|
| **वातावरण** | ख |
| **अस्वेच्छिक पुनर्वास** | ख |
| **आदिवासी जनसङ्ख्या** | ग |

## वातावरणीय र सामाजिक विषयवस्तुको सारांश

**वातावरणीय पक्षहरू**

–

**अस्वेच्छिक पुनर्वास**

–

**आदिवासी जनसङ्ख्या**

–

## सरोकारवालासँगको सञ्चार, सहभागिता र परामर्श

**आयोजना निर्माणको अवधिमा**

प्रस्तावित आयोजनाले आयोजनाको उद्देश्यसँग मिल्ने विद्यमान नागरिक समाज संस्थाहरुसँग सहक्रिया गर्ने र योजना तर्जुमा र कार्यान्वयनमा सहकार्यका लागि अवसरहरुको पहिचान गर्नेछ । लगानीका प्राथमिकता पहिचान गर्नका लागि स्थानीय उद्योग वाणिज्य संघ वा संगठनहरुमार्फत निजी क्षेत्रसँग पनि परामर्श गर्न सकिनेछ ।

**आयोजना कार्यान्वयनको अवधिमा**

प्रस्तावित आयोजनाले आयोजनाको उद्देश्यसँग मिल्ने विद्यमान नागरिक समाज संस्थाहरुसँग सहक्रिया गर्ने र योजना तर्जुमा र कार्यान्वयनमा सहकार्यका लागि अवसरहरुको पहिचान गर्नेछ । आयोजना कार्यान्वयनको चरणमा सघन सामुदायिक परामर्श पनि गरिने छ र एक महत्वपूर्ण गतिविधिको रुपमा उपभोक्ता चेतनालाई समावेश गरिनेछ ।

## वर्णन

सुदूरपश्चिम क्षेत्र सहरी विकास आयोजना (आयोजना) ले योजना, पूर्वाधार र संस्थागत सुदृढीकरण मार्फत नेपालको सुदूरपश्चिम क्षेत्रका अत्तरिया, भीमदत्त र धनगढी नगरपालिकाहरुमा बस्नयोग्य स्थान र सहरी सेवामा सुधार गर्ने लक्ष्य राखेको छ । नेपालको राष्ट्रिय सहरी नीति, (सन् २००७) ले सम्भावित पाँच वटा क्षेत्रीय आर्थिक केन्द्रमध्ये धनगढीलाई हाल विद्यमान पोखरा र काठमाडौं उपत्यकाका अतिरिक्त एउटाका रुपमा पहिचान गरेको छ । न्यून रुपमा सेवा प्रदान गरिएको यस क्षेत्रमा क्लस्टर पद्धतिमार्फत सहरी पूर्वाधारमा लगानी गर्ने सरकारको प्रतिबद्धता अनुरुप यी तिन वटा नगरपालिका आयोजनाका लागि प्रारम्भिक चरणमा छनौटमा परेका हुन् । यी सहरहरुमा जनसङ्ख्या वृद्धि दर ज्यादै उच्च रहेको छ, लगानीको चरम अभाव छ र यिनले उच्चस्तरको वातावरणीय ह्रासको सामना गरिरहेका छन् । यो आयोजना एसियाली विकास बैंकको नेपाल साझेदारी रणनीति, (सन् २०१३-२०१७) अनुरुप पनि छ, जसले द्रुत, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने सरकारको विकास लक्ष्यमा र एसियाली विकास बैंकको खानेपानी तथा सहरी सञ्चालन योजनामा पनि सहयोग गर्दछ ।

## आयोजनाको औचित्य र राष्ट्रिय/क्षेत्रीय रणनीतिसँगको सम्बन्ध

आयोजना तेह्रौं योजना (त्रिवर्षी योजना, आव सन् २०१४-२०१६) अनुरुपको छ, जसले आर्थिक तथा मावनीय गरिबी न्यूनीकरण गर्दै सर्वसाधारण जनताको जीवनस्तरमा प्रत्यक्ष सकारात्मक परिवर्तन ल्याउने लक्ष्य राखेको छ । प्रस्तावित आयोजनाको प्रभाव आयोजना लागु हुने नगरपालिकाहरुमा दिगो सेवामार्फत जीवनस्तरमा गुणात्मक सुधार ल्याउनु हो । प्रस्तावित आयोजनाको नतिजा सन् २०२२ सम्ममा आयोजना नगरपालिकाहरुमा सुधारिएको सहरी सेवामा पहुँच वृद्धि हुने रहेको छ । प्रस्तावित आयोजनाका प्रतिफलमा (१) सहरी पूर्वाधार निर्माण हुने र/वा अत्तरिया, भीमदत्त र धनगढीमा स्तरोन्नति हुने, (२) अत्तरिया, भीमदत्त र धनगढी नगरपालिकाको सञ्चालनगत प्रभावकारिता वृद्धि हुने रहेका छन् । हाल चालु एकीकृत सहरी विकास आयोजनाले केन्द्रीय र नगरपालिका तहमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई सुदृढीकरण गर्दछ । प्रस्तावित आयोजनाले एकीकृत सहरी विकास आयोजना अन्तर्गत तयार पारिएका साधन र तालिम सामग्री उपयोग गर्नेछ र आयोजनाका नगरपालिकाहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको क्षमता विकास गर्नेछ ।

## विकास प्रभाव

आयोजना नगरपालिकाहरुमा जीवनस्तरमा गुणात्मक सुधार

## आयोजनाको उपलब्धि

| उपलब्धिको विवरण | उपलब्धिका लागि भएको प्रगति विवरण |
|---|---|
| आयोजना नगरपालिकाहरुमा सहरी सेवामा पहुँच वृद्धि | – |

## उपलब्धि र कार्यान्वयनको प्रगति विवरण

| आयोजनाको उपलब्धिहरूको विवरण | आयोजना प्रगति विवरणको अवस्था (उपलब्धि, कार्यक्रम र विषयवस्तु) |
|---|---|
| सहरी पूर्वाधार निर्माण र/वा अत्तरिया, भीमदत्त र धनगढीमा स्तरोन्नति । अत्तरिया, भीमदत्त र धनगढी नगरपालिकाको सञ्चालन प्रभावकारितामा सुधार । | – |
| **विकास आयोजनाको अवस्था** | **सञ्चालन/निर्माणको अवस्था** |
| – | – |
| **भौतिक परिवर्तन** | |
| – | |

## व्यावसायिक अवसरहरू

**पहिलो सूचीकृत मिति** २०७१ पुस २ (१७ डिसेम्बर २०१४)

**परामर्श सेवाहरू**

एसियाली विकास बैंकको परामर्शदाता निर्देशिका (सन् २०१३, संशोधनहरु समेत) को प्रयोग गरेर परामर्श सेवा प्रदान गरिने छ। आयोजनाको कार्यान्वयनका लागि अग्रिम सम्झौता र भूतप्रभावी लगानीलाई मान्यता दिइनेछ र प्रशोधनको क्रममा एडिबीबाट विभिन्न खरिद र परामर्शका प्याकेजहरुको सावधानीपूर्वक समीक्षा गरिनेछ।

**खरिद**

आयोजना अन्तर्गतका सबै खरिदहरु एसियाली विकास बैंकको खरिद निर्देशिका (सन् २०१३, संशोधनहरु समेत) को प्रयोग गरेर गरिने छ। आयोजनाको कार्यान्वयनका लागि अग्रिम सम्झौता र भूतप्रभावी लगानीलाई मान्यता दिइनेछ र प्रशोधनको क्रममा एडिबीबाट विभिन्न खरिद र परामर्शका प्याकेजहरुको सावधानीपूर्वक समीक्षा गरिनेछ । आयोजनाको क्षेत्र, स्वरुप, बजारको अवस्था र अवस्थितिलाई ध्यानमा राखेर तथा अर्थतन्त्र र बोलपत्र प्रक्रियाको दक्षतालाई ख्याल गर्दै खरिदका प्याकेजहरु तयार गरिनेछ।

**सार्वजनिक खरिद र परामर्श सूचनाहरू**

http://www.adb.org/projects/47252-002/business-opportunities

## समय तालिका

| | |
|---|---|
| **अवधारणा पारित** | २०७२ मङ्सिर २० (६ डिसेम्बर २०१५) |
| **तथ्य प्राप्ति** | २०७२ मङ्सिर २१ (७ डिसेम्बर २०१५) देखि २०७२ पुस ५ (२० डिसेम्बर २०१५) सम्म |
| **व्यवस्थापन समीक्षा बैठक** | २०७३ जेठ ५ (१८ मे २०१८) |
| **स्वीकृत** | – |

## महत्वपूर्ण तथ्याङ्कहरू

| स्वीकृत नम्बर | स्वीकृत | हस्ताक्षर | प्रभावकारिता | समाप्ति | | |
|---|---|---|---|---|---|---|
| | | | | मूल | परिष्कृत | वास्तविक |
| – | – | – | – | – | – | – |

## उपयोगिता

| मिति | स्वीकृत नम्बर | एडीबी (अमेरिकी डलर हजारमा) | अन्य (अमेरिकी डलर हजारमा) | खुद प्रतिशत |
|---|---|---|---|---|
| **सञ्चित सम्झौता निर्णय** | | | | |
| – | – | – | – | – |
| **सञ्चित खर्च** | | | | |
| – | – | – | – | – |

## सम्झौतापत्रको अवस्था

सम्झौतापत्रहरूलाई निम्न भागहरूमा वर्गीकरण गरिएको छ : लेखापरीक्षण गरिएको आयोजनाको वित्तीय विवरण, सुरक्षणहरू, सामाजिक, क्षेत्र, वित्तीय, आर्थिक र अन्य । सम्झौताको पालनालाई देहाय बमोजिम वर्गीकरण गरी विभाजन गरिएको छ : १) सन्तोषजनक – सम्झौतापत्रमा भएका सबै कामहरू भएका हुने छन्, बढीमा एउटासम्म अपवाद स्वीकार गरिनेछ । २) आंशिक सन्तोषजनक – कुनै भागका बढीमा दुई वटासम्म दायित्वहरू सम्पन्न गर्न बाँकी भएको अवस्थालाई जनाउने छ । ३) असन्तोषजनक – तीन वा तीनभन्दा बढी दायित्वहरू पुरा गर्न बाँकी भएको अवस्था । सार्वजनिक सञ्चार नीति, सन् २०११ बमोजिम आयोजनाको वित्तीय विवरणका लागि सम्झौतापत्रको पालन २०६८ चैत २० (२०१२ अप्रिल २) पछि सम्झौताका लागि आह्वान गरिएका आयोजनामा मात्र लागु हुन्छ ।

| स्वीकृत नम्बर | समूह | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क्षेत्र | सामाजिक | वित्तीय | आर्थिक | अन्य | सुरक्षण | आयोजनाको वित्तीय विवरण |
| ऋण - | – | – | – | – | – | – | – |

## सम्पर्क र विस्तृत जानकारी

| | |
|---|---|
| **जिम्मेवार एडिबी अधिकृत** | भिभिअन क्यास्ट्रो-वुलिड्रज ( @adb.org) |
| **जिम्मेवार एडिबी विभाग** | दक्षिण एसिया विभाग |
| **जिम्मेवार एडिबी महाशाखा** | सहरी विकास तथा खानेपानी महाशाखा, एसएआरडी |
| **कार्यान्वयन गर्ने निकाय** | – |

## लिङ्कहरू

| | |
|---|---|
| **आयोजना वेबसाइट** | http://www.adb.org/projects/47252-002/main |
| **आयोजना सम्बन्धी सामग्री** | http://www.adb.org/projects/47252-002/documents |